## निवेदन कसले दिन सक्छन् ?

तपाईको नाता सम्बन्धमा यदि तपाईले असुरक्षित महशुस गरिरहनु भएको छ भने, वा यदि तपाईले चिन्नु भएको कुनै व्यक्तिको सुरक्षा बारे तपाई चिन्तित हुनुहुन्छ भने तपाईले निवेदन दिन सक्नुहुन्छ ।

निवेदनमा पक्का गर्न निम्न कुराहरु तपाईलाई सोधिन्छ :

- जोखिममा रहेका व्यक्ति साउथ अष्ट्रेलियमा बसोबास गर्छन् र उमेर 17 वर्ष वा त्यसभन्दा माथिको छ
- जोखिममा रहेका व्यक्ति अति घनिष्ठ सम्बन्धमा छ, वा विगतमा सम्बन्ध रहेको र अझैं दुईबिच सम्पर्कमा रहेका छन् । यसमा यौन सम्बन्ध भएको वा नभएको हुनसक्छ र उस्तैं लिङ्ग (Same Sex) वा फरक लिङ्ग (Different Sex) भएका बिच हुनसक्छ
- पार्टनरले प्रदर्शन गरेको केही व्यवहारहरुको आधारमा सुरक्षाको चासो लिएका वा चिन्तित छन् वा तिनीहरुको बारे जानकारी पत्ता लगाइएको छ ।

चिन्ता र चासोहरु भौतिक, मौखिक वा नियन्त्रित व्यवहारहरु, भावानात्मक वा मनोबैज्ञानिक तरीकाको चतुर्याइ वा आर्थिक वा सामाजिक दुर्व्यवहार वा एक्लै पार्नु जस्ता हुन सक्छन् ।

## कहाँ कहाँबाट मैंले सहयोग लिन सक्छु ?

डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम प्रारम्भिक हस्तक्षेप तथा रोकथाम पहलको लागि हो । यो आपतकालिन दिइने सेवा हैंन ।

यदि तपाई आपतकालिन, ज्यान जान सक्ने स्थितिमा हुनुहुन्छ भने, तिन शुन्य (000) मा फोन गर्नुहोस् ।

अन्य प्रहरी सहायता र उपस्थितिको लागि, 131 444 मा फोन गर्नुहोस् ।

घरेलु हिंसा सम्बन्धित सल्लाह र जानकारी वा अन्य सुरक्षा चासो वा चिन्ताको लागि निम्न अनुसार सम्पर्क गर्नुहोस् :

| | |
|---|---|
| वुमेन्स इन्फर्मेशन सर्भिस<br>(Women's Information Service): | 08 8303 0590<br>1800 188 158 |
| 1800रेस्पेक्ट हेल्पलाइन<br>(1800RESPECT National 24/7 Helpline): | 1800 737 732 |
| डोमेस्टिक भाअलेन्स क्राइसिस लाइन<br>(Domestic Violence Crisis Line): | 1800 800 098 |
| मेन्स रिफरल सर्भिस (Men's Referral Service): | 1300 766 491 |
| चाइल्ड अब्युज रिपोर्ट लाइन<br>(Child Abuse Report Line): | 131 478 |
| लाइफलाइन (२४ घण्टे संकटकालिन लाइन)<br>Lifeline (24-hour crisis line): | 131 114 |
| रिलेशनशिप्स अष्ट्रेलिया<br>(Relationships Australia): | 1300 364 277 |
| किड्स हेल्प लाइन (Kids Help Line): | 1800 551 800 |

डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम बारे थप जानकारी, वा निवेदन दिनको लागि यो वेबसाइट www.police.sa.gov.au/your-safety/dvds हेर्नुहोला

डोमेस्टिक भायलेन्स डिस्क्लोजर स्किम साउथ अष्ट्रेलिया पुलिस, अफिस फर वुमेन्स (Office for Women) र वुमेन्स सेफ्टि सर्भिसेज साउथ अष्ट्रेलियाको (Women's Safety Services SA) स्टेट भरी गरिएको पहल हो ।

यो २ अक्टोबर २०१८ देखि १२ महिनाको लागि परिक्षण गरिन्छ ।

Nepali / नेपाली

# साउथ अष्ट्रेलियाको डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम (घरेलु हिंसा खुलासा योजना)

नाता सम्बन्ध (Relationship) मा हुनु पर्ने सुरक्षा बारे चासो वा चिन्तित भएका मानिसहरुको लागि सहयोग

www.police.sa.gov.au/your-safety/dvds

SOUTH AUSTRALIA POLICE
KEEPING SA SAFE

Government of South Australia



## डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम (घरेलु हिंसा खुलासा योजना) भनेको के हो?

तपाईको नाता सम्बन्ध (Relationship) मा यदि तपाईले असुरक्षित महशुस गर्नु भएको छ र तपाईको पार्टनर (श्रीमान/श्रीमती) वा भुतपूर्व पार्टनरमा पहिलेदेखि नैं हिंसागत स्वभाव रहेको हुनसक्छ भन्नेमा तपाईको चासो छ वा चिन्तित हुनुहुन्छ भने, डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम मार्फत प्रहरीबाट त्यस बारे केही जानकारी पाउनको लागि अनुरोध गर्न सक्नुहुन्छ।

तपाईले चिन्नु भएको कोही व्यक्ति जो आफ्नो सहयोगी हुनुहुन्छ र त्यो सम्बन्ध असुरक्षित भएको जस्तो देखिन्छ र त्यस व्यक्तिको कल्याणको बारेमा यदि तपाईलाई चासो छ वा चिन्तित हुनुहुन्छ भने, डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम मार्फत त्यस व्यक्तिलाई जानकारी पठाउन तपाईले अनुरोध गर्न सक्नुहुन्छ।

प्रहरी अभिलेखमा रहेको पार्टनरको विगतका कृयाकलाप जानकारी डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम मार्फत जोखिममा रहेका व्यक्तिलाई उपलब्ध गराइन्छ ताकि उनीहरुले उनीहरुको सुरक्षा र सम्बन्धको भविष्य बारे सुसुचित निर्णयहरु गर्न सक्छन्।

## निवेदनलाई कसरी आकलन गरिन्छ?

प्रहरीले निवेदनको आकलन (Assess) गर्छन्, चासो राख्न लगाउने वा चिन्ता उत्पन्न गराउने व्यक्तिको बारे जानकारी जाँच गर्छन् र जोखिममा रहेका व्यक्तिलाई कुन जानकारी दिलाउन सकिन्छ भनी निर्णय गर्छन्।

त्यसपछि जोखिममा रहेका व्यक्ति, प्रहरी र विशेषज्ञ घरेलु तथा पारिवारिक हिंसा कार्यकर्ता विच वैठक आयोजना गरिन्छ।

यो प्रकृया साधरणतया 14 कार्यरत दिनहरु भित्रै पूरा गरिन्छ।

## जानकारी कसरी दिइन्छ ?

जोखिममा रहेका व्यक्तिलाई प्रहरी र विशेषज्ञ घरेलु तथा पारिवारिक हिंसा कार्यकर्ताले मौखिकरुपमा जानकारी दिन सुरक्षित स्थानमा भेट्नेछन्। जोखिममा रहेका व्यक्तिले आफ्नो सहयोगी व्यक्तिलाई वैठकमा साथैं लैंजान सक्छन्।

विशेषज्ञ कार्यकर्ताले जोखिममा रहेका व्यक्ति र तिनीहरुका बालबालिकाहरुको लागि मद्धत गर्न, सेवाहरुमा पहुँच गराउन र निरन्तर सुरक्षाको योजना बनाउन सहयोग गर्दछ।

## जानकारी कसलाई दिइन्छ ?

जोखिममा रहेका व्यक्ति (र तिनीहरुको सहयोगि व्यक्ति) लाई मात्र वैठक चलिरहेको बेलामा जानकारी दिइन्छ।

कसैंको बारे जसले निवेदन दिएका हुन्छन् त्यस व्यक्तिलाई निवेदन प्रकृयामा भएको प्रगति वारे थाहा दिइन्छ, तर तिनीहरुलाई कुनैं पनि जानकारीको सिधैं खुलासा गरिंदैंन।

चासो राख्न लगाउने वा चिन्ता उत्पन्न गराउने व्यक्तिलाई निवेदन बारे कुनैं जानकारी दिइन्न वा खुलासा गराईंदैंन।

## खुलासा (Disclosed) भनेको के हो ?

साउथ अष्ट्रेलिया प्रहरीसङ्ग रहेको जानकारी निम्न लगायत अवस्थामा खुलासा गर्न सकिन्छ:

- साउथ अष्ट्रेलियामा सम्बन्धित अपराधहरु गरेको दोषी ठहर्याएमा
- अपराधहरुको लागि सम्बन्धित रिपोर्टहरु र अभियोगहरु भएमा
- अहिलेको र विगतदेखिको इन्टरभेन्शन (हस्तक्षेप गर्ने) आदेशहरु भएमा
- जोखिममा रहेका व्यक्तिको सुरक्षामा लागू हुन सक्ने अन्य जानकारीहरु भएमा

इन्टरस्टेट (अन्य स्टेटहरुका) प्रहरीसङ्ग रहेका जानकारी जुन उपलब्ध भएसम्म खुलासा गर्न सकिन्छ :

- अन्य स्टेटहरुमा गरेका सम्वन्धित अपराधहरुको लागि दोषीहरु ठहर्याएमा
- अहिलेको र विगतदेखिको घरेलु हिंसा आदेशहरु भएमा

## मैंले कसरी निवेदन दिन सक्छु ?

www.police.sa.gov.au/your-safety/dvds मा उपलब्ध हुने अनलाइन फाराम प्रयोग गरेर साउथ अष्ट्रेलियन प्रहरीमा डोमेस्टिक भाअलेन्स डिस्क्लोजर स्किम निवेदन दिन सकिन्छ।

फाराम भर्नको लागि यदि तपाईलाई सहायता आवश्यक भएमा, स्थानीय प्रहरी चौंकीबाट सहयोग लिनुहोस्।

